# एपीएफ समूह विजेता

**हिमालय टाइम्स**

**दाङ १४, पुस**

दाङको लमहीमा जारी महिला प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपीएफ समूह 'ए'को विजेता बनेको छ। यसअघि नै लगातार दुई खेल जितेर सेमिफाइनलमा स्थान बनाइसकेको एपीएफले समूहको अन्तिम खेलमा लुम्बिनी प्रदेशलाई ६१ रनले पराजित गर्दै समूह विजेता बनेको हो। जितसँगै एपीएफ समूहमा अपराजित रह्यो। पराजित भए पनि यसअघि दुई खेल जितिसकेको लुम्बिनीले समेत सेमिफाइनलमा स्थान बनाइसकेको छ।

अब एपीएफले सेमिफाइनलमा समूह 'बी' को उपविजेतासँग खेल्नेछ भने लुम्बिनीले समूह ' बी' को विजेतासँग खेल्नेछ। दुवै सेमिफाइनल खेल पुस १८ गते हुने आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। देउखुरी क्रिकेट मैदानमा मंगलबार एपीएफले प्रस्तुत गरेको १२३ रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनीले निर्धारित २० ओभरमा ६१ रनमात्रै बनाउन सकेको थियो। लुम्बिनीकी लक्ष्मी चौधरीले सर्वाधिक ११ रन र सरस्वति पुनले अविजित रहँदै १० रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंक जोड्नसक्नु भएन। बलिङतर्फ एपीएफका लागि करुणा भण्डारीले तीन विकेट लिनुभयो। यस्तै सोनु खड्का र रेखा रावलले एक/एक विकेट हात पार्नुभयो।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको एपीएफले निर्धारित २० ओभर पूरै खेल्दै चार विकेट गुमाएर १२२ रन बनाएको थियो। एपीएफले मध्यम योगफल बनाउने क्रममा उसका लागि ओपनर ब्याटरद्वय ज्योति पाण्डे र राजमति एरीले राम्रो सुरुवात दिलाउनुभएको थियो।

यी दुईबीच ४४ रनको ओपनिङ साझेदारी भएको थियो। ८.३ ओभरमा पवेलियन फर्कँदा राजमतिले २५ बलको सामना गर्दै ११ रन जोड्नुभएको थियो। राजमति आउट भएपछि ज्योतिलाई साथ दिन इन्दु वर्मा मैदान ओर्लिनुभएको थियो। दुवैबीच दोस्रो विकेटका लागि ६६ रनको साझेदारी भएपछि एपीएफले विजयी स्कोर बनायो।

प्रतियोगितामा सात प्रदेश र विभागीय टोली एपीएफले सहभागिता जनाएका छन्। आठ टोलीलाई दुई समूहमा बाडिएको छ। दुवै समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछन्। सेमिफाइनल पुस १८ र फाइनल पुस १९ मा हुनेछ। फाइनल पुस १९ गते हुनेछ।

प्रतियोगिताको विजेताले नगद पाँच लाख प्राप्त गनेछ भने उपविजेता टोलीले तीन लाख र सेमिफाइनलबाट बाहिरिने बाँकी दुई टोलीले समान २५ हजार प्राप्त गर्नेछन्।

विधागततर्फ सर्वोत्कृष्ट खेलाडी (प्लेयर अफ द टुर्नामेन्ट) ले २१ हजार, उत्कृष्ट ब्याटरले १० हजार र उत्कृष्ट बलरले पाँच हजार प्राप्त गर्ने छन्। हरेक खेलका प्लेयर अफ द म्याचले दुई हजार प्राप्त गर्ने आयोजकले जनाएको छ।

# विमल र विक्रमको कतारमा उपचार हुने

**काठमाडौं।** नेपाली राष्ट्रिय फुटबल टोलीका सदस्यद्वय विमल घर्तीमगर र विक्रम लामाको चोटको शल्यक्रिया कतारमा उपचार हुने भएको छ।

कतारमा रहेको अस्पेटार अस्पताल खेलकुदसम्बन्धी चोटपटक लागेका खेलाडीको राम्रो उपचार गर्ने अस्पतालका रूपमा चिनिन्छ। एन्फाले कतार फुटबल संघसँगको सहकार्यमा दुई खेलाडीको त्यहाँ उपचार गर्न लागेको हो।

विमलको गत साता प्रशिक्षणका क्रममा घुँडामा चोट लागेको थियो। उहाँको प्रारम्भिक रिपोर्टमा तीन गम्भीर चोट देखा परेको छ। यता विक्रमको भने दुई वर्षअघि शल्यक्रिया गरिएको खुट्टामा थप उपचार आवश्यक भएको हो। उहाँले यसअघि नेपालकै ग्राण्डी अस्पतालमा शल्यक्रिया गरेपछि झण्डै डेढ वर्ष सक्रिय फुटबल खेल्नुभएको थियो। दुवैको उपचार खर्च एन्फाले व्यहोर्नेछ।

# खेलकुद मन्त्री लामाको स्वागत

**काठमाडौं।** नवनियुक्त युवा तथा खेलकुद मन्त्री दावा लामाले आइतबार आफ्नो पदभार ग्रहण गर्नुभएको छ। सिंहदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयका सचिव रामप्रसाद थपलिया, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोइराला, राखेप सदस्यसचिव रमेशकुमार सिलवाल, नेपाल स्काउटका प्रमुख लोकबहादुर भण्डारी, राखेप सदस्यहरू, मन्त्रालयका सहसचिवलगायतले स्वागत गर्नुभएको थियो।



स्वागतका अवसरमा मन्त्री लामाले खेलकुदको विकास र खेलाडीको भविष्य सुनिश्चित गर्न तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना ल्याउने बताउनुभयो। मन्त्री लामाले खेलाडीको जीवन वृद्धिसम्बन्धी फाइलमा हस्ताक्षर गरेर आफ्नो कार्य प्रारम्भ गर्नुभयो।

यसअघि मन्त्रालयले निवर्तमान युवा तथा खेलकुद मन्त्री जगतबाहदुर सुनार (विश्वकर्मा) लाई बिदाइ गरेको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार मन्त्रिपरिषद् हेरफेर तथा विस्तार गर्दा विश्वकर्मा पदमुक्त हुनु भएको थियो।

# भेट्रान्स कप फुटबल माघमा

**काठमाडौं।** बागमती प्रदेशको राजधानी हेटौँडामा हरेक वर्ष आयोजना हुँदै आएको भेट्रान्स कप राष्ट्रिय फुटबल खेलको छैटौं संस्करण आगामी माघ ६ गतेदेखि हुने भएको छ। प्रतियोगिताबारे जानकारी दिन हेटौँडा भेट्रान्स क्लबद्वारा हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा प्रतियोगितामा नेपालभरका कूल १६ वटा टोलीको सहभागिता रहने जानकारी दिइएको हो।

प्रतियोगितामा हेटौंडासहित वीरगञ्ज, चितवन, पोखरा, काठमाडौं, विराटनगर, कोल्बी, जितपुरलगायत स्थानबाट सहभागिता हुनेछ। प्रतियोगितामा फुटबल क्षेत्रबाट राष्ट्रिय टोलीबाट खेलिसकेका पनि सहभागी हुने पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष दीपक बज्राचार्यले जानकारी दिनुभयो। प्रतियोगिता हेटौंडा उपमहानगरपालिका-४ को लोकतान्त्रिक खेल मैदान हुप्राचौरमा सञ्चालन हुनेछ।


## शिवसताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय, ब्याङ्डाडा, झापा
### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति २०७७/९/१५ गते**

यस कार्यालयको मिति २०७७/०७/०३ गतेको हिमालय टाइम्स दैनिकमा प्रकाशित सूचनानुसार E-bidding मार्फत पेश भएका बोलपत्रहरु यस कार्यालयको मिति २०७७/०९/१३ गतेको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र "सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| SM/NCB/ 02/2077/78 | Construction of Incomplete Janata Awash Building and Protection Works | Shiva Bhakta Nirman Sewa | रु 31,06,992.53 |

## धर्मदेवी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**मुडेशनिश्चरे, संखुवासभा**
**१ नं. प्रदेश, नेपाल**

### नगरपालिकामा प्राविधिक सहायक करारमा भर्नाका लागि दरखास्त आह्वानको सूचना।

**सूचना प्रकाशन मितिः २०७७/०९/१५**

यस धर्मदेवी नगरपालिका अन्तरगत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको संचालनका लागि प्राविधिक सहायक करारमा भर्ना गर्नुपर्ने भएकोले खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ती गरिने हुँदा देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट मिति २०७७/०९/२९ गते भित्र यस कार्यालयमा परिक्षा दरखास्त फारम भरी पेश गर्न दरखास्त आह्वान गरिएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा दरखास्त बुझाउनु पर्नेछ।

**१. तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रोत | आवश्यक संख्या | समय | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | ११-०७७/०७८ | प्राविधिक सहायक | सम्बन्धित कार्यक्रमको श्रोत | १ | दिनको १० बजे | धर्मदेवी नगरपलिकाको कार्यालय |

*नोटः उपरोक्त पदहरु यस कार्यक्रमको लागि कामकाज गर्ने प्राविधिक सहायकका लागि श्रोत प्राप्त भए सम्मका लागि मात्र करारमा पूर्ती गरिने गरी विज्ञापन गरिएको छ।*

प्रारम्भिक योग्यताक्रमको सूची प्रकासन भएका बखत परीक्षा सम्बन्धि थप विवरण यस नगरपालिकाको वेबसाइटमा प्रकासन गरिनेछ। सोहीबाट व्यहोरा अवगत गर्नुहुन समेत अनुरोध छ। थप जानकारीको लागि यस धर्मदेवी नगरपालिकाको **website: http://dharmadevimun.gov.np/**

**प्रमुख प्रशासकीय अधिकृत**

## उत्तरगया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लहरेपौवा, रसुवा**
**वागमती प्रदेश, नेपाल**

### शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०९/१५**

यस कार्यालयबाट हुने तपशिल बमोजिमको कार्य शिलवन्दी वोलपत्रको माध्यमद्धारा गराउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था तथा कम्पनीहरुबाट तपशिलको शर्तहरुको अधिनमा रही रीतपुर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

**शर्तहरूः**

१. मिति २०७७/१०/१६ गते १२:०० वजे भित्र रु. ३,०००।- (अक्षरुपी तिन हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयको हिमालयन बैंक, बेत्रावती, रसुवा शाखामा रहेको आन्तरिक आम्दानी खाता नं. ०४४०७७४१२८००१९ (राजस्व खाता) मा जम्मा गरी आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN)/मु.अ.करमा दर्ता भएको प्रमाणपत्र र अद्यावधिक नविकरण सहितको ठेक्का इजाजत पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी शिलवन्दी वोलपत्र फाराम Electronically Bid Submit मार्फत मात्र पेश गर्न सकिने छ।

२. शिलवन्दी वोलपत्रसाथ रहेको विल अफ क्वान्टीटीमा दररेट भर्नका लागी छुट्याइएको अंक र अक्षर महलमा सकार गरेको मु.अ.कर वाहेकको दररेट स्पष्टसगँ भर्नु पर्दछ। अंक अक्षरमा लेखिएको दररेटमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।

३. शिलवन्दी वोलपत्रसाथ जमानत वापतको तपशिलमा उल्लेख भए वमोजिमको रकम यस उत्तरगया गाउँपालिकाको हिमालय वैक, वेत्रावती, शाखा स्थित धरौटी खाता नं. ०४४०७७४१२८००१४ मा जम्मा गरेको भौचर वा सोही रकम बराबर नेपाल सरकारबाट क वर्गको मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा शिलवन्दी वोलपत्रको हकमा दाखिलाको अन्तिम दिन देखी ९० दिन म्याद भएको वैंक जमानत संलग्न गर्नु पर्नेछ।

४. Electronically Bid Submit गर्न वोलपत्र दाताहरुले वोलपत्र मात्रको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://bolpatra.gov.np/egp मा गई Bid Submit गर्न सकिनेछ। Electronically Bid Submit गर्दा बोलपत्र बापतको दस्तुर यस कार्यालयको हिमालयन बैंक वेत्रावती शाखामा रहेको आन्तरिक आम्दानी खातामा जम्मा गरी भौचर संलग्न गरी पेश गर्नुपर्नेछ।

५ दर्ता भएका शिलवन्दी बोलपत्र मिति २०७७/१०/१६ गते दिनको १२:०० बजे सम्म दर्ता गरी सोही दिनको २:०० बजे कार्यालय एवं ठेकेदारको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ। ठेकेदारको प्रतिनिधी नभएमा पनी ठेक्का खोल्न कुनै वाधा पर्ने छैन।

६. शिलबन्दी बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालयय खुलेको दिन पूर्व निर्धारित भए बमोजिमकै समयमा गरिनेछ।

७. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ९८५१२५४७९० मा सम्पर्क गरी बुझ्न सकिनेछ।

८. रीत नपुगेका शर्त राखिएका र म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन साथै वोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने एवं सुचना रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. यस सूचनामा छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | स्थान | कुल ल.ई. रकम रु. मु.अ.कर वाहेक | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| URM/NCB/ 01/077/078 | 5-No Ward Isthit Naubise Nayabasti Khanepani Yojana | वडा नं. ४ र ५ | ४२,९७,७७१।७१ | १,५०,०००।- | |

**प्रमुख प्रशासकिय अधिकृत**

### कम्पनीको नाम परिवर्तन भएको
### सार्वजनिक सूचना

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ को परिवर्तित वडा नं. ३० स्थित कम्पनीको रजिष्टर्ड कार्यालय रहेको **दिब्यनगर मल्टिपर्पोज एग्रो फर्म (प्रा.) लि.** को मिति २०७७।०९।०६ मा बसेको विशेष साधारण-सभाद्वारा पारित विषेश प्रस्ताव बमोजिम साविक नामको कम्पनीमा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु बुझाउनु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नाम **आयुर एग्रो एन्ड फुड इन्डष्ट्रिज (प्रा.) लि.** को कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| कम्पनीको साविक नाम | कम्पनीको परिवर्तित नामः |
|---|---|
| दिब्यनगर मल्टिपर्पोज एग्रो फर्म (प्रा.) लि. (Divyanagar Multipurpose Agro Firm (Pvt.) Ltd.) | आयुर एग्रो एण्ड फुड इन्डष्ट्रिज (प्रा.) लि. (Aayur Agro and Food Industries (Pvt.) Ltd.) |

## Shree Siddhi Ganesh Secondary School
### Sanosiruwari, Chautara Sangachokgadhi Municipality-7
### INVITATION FOR ELECTRONIC BID

**Invitation for Bids for the Procurement of Supply and Delivery of Goods (Laptop ,TV& CCTV System) for Siddhi Ganesh Secondary School**

**Contract Identification No: SGSS/NCB /GOODS-01/077-78**

**Date of publication : 2077/09/15 (30-12-2020)**

1. The Siddhi Ganesh Secondary School,Chautara, Sindhupalchok invites electronic bids from the Eligible Bidders for the Procurement of the following goods under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Without VAT) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| SGSS/NCB /GOODS-01/ 077-78 | Procurement of Supply and Delivery of Goods( Laptop ,TV& CCTV System) | Rs. 2,845,700.00 | Rs. 80,400.00 | Rs. 3,000 | 2077/10/16 (29-01-2021) at 12:00 hrs | 2077/10/16 (29-01-2021) at 13:00 hrs |

Interested Eligible Bidders may obtain further information at the office of Siddhi Ganesh Secondary School, Sanosiruwari,CSGM-7, Contact no 9841530306 or may visit the website **http://www.chautaramun.gov.np.or may visit PPMO website www.bolpatra.gov.np/egp.**

2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Nepal Bank Limited, Chautara Branch**
**Name of Office: Siddhi Ganesh Secondary School**
**Account Number(For bi d document fee): 05700100659785000001**
**DharautiKhata No. 05700100659785000001**
3. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp.** on or before as mentioned above.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs. 80,400.00** which shall be valid for 30 days beyond the validity period of the bid .
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Siddhi Ganesh Secondary School, Sanosiruwari,CSGM-7.
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
8. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON.
9. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Siddhi Ganesh Secondary School notice board and in bid addendum.

**Head Teacher**
**Siddhi Ganesh Secondary School**